# युनियन हाइड्रोपावर कम्पनी लिमिटेड

**बिक्रम सम्बत २०८१ साल पौष २६ गते शुक्रवारका दिन**
**सिद्धार्थ कटेज, धोविघाट,ललितपुरमा सम्पन्न भएको**
**१८ औ वार्षिक साधारण सभाको निर्णय पुस्तिका।**

१. पृष्ठभूमी

युनियन हाइड्रोपावर लिमिटेड कम्पनीको १८ औ वार्षिक साधारण सभा मिति २०८१/०९/२६ गते तद्अनुसार जनवरी, १०-२०२५ का दिन सिदार्थ कटेज, धोविघाट, ललितपुरमा सम्पन्न भएको थियो। भौतिक तथा प्रविधिको उपयोग गदै विद्युतिय माध्यम Virtual Zoom द्धारा शेयरधनी महानुभावले साधारण सभामा भाग लिंदा बिद्युतिय माध्यम Virtual Zoom Application तथा भौतिक माध्यमबाट साधारण सभामा भाग लिन सकिने व्यवस्था गरी शेयरधनीहरुलाई सोही अनुसार सभामा भाग लिइदिन अनुरोध समेत गरिएको थियो। सञ्चालक समितिका सदस्यहरु कम्पनीको कार्यालयमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो। कम्पनी सचिवले साधारण सभामा सहभागि हुन कम्पनीमा उपस्थित सञ्चालक समितिका अध्यक्ष, संचालक सदस्यहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरु एवं बिद्युतिय माध्यमद्वारा सहभागि भएका शेयरधनीहरुलाई यथास्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई अठारौ वार्षिक साधारण सभामा अध्यक्षज्युले अध्यक्षता गर्नुभएको थियो। अध्यक्षज्यूले आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। तत्पश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरी निर्णय भएको थियो। साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित विषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी समापन भएको थियो।

(क) **सभाको सूचना तथा प्रकाशन :**

(अ) अठाऔं वार्षिक साधारण सभाको सूचना,२०८१ साल असार मसान्त सम्मको वासलात,नाफा/(नोक्सान) हिसाब र नगद प्रवाह बिवरण सहितको वार्षिक लेखा परिक्षण प्रतिवेदन कम्पनीको वेभ साइट www.unionhydropower.com.np मा राखिएको बारेमा सबै शेयरधनि महानुभावलाई जानकारी गराइएको थियो।

(आ) अठाऔं वार्षिक साधारण सभाको सूचना मिति २०८१/०९/ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गरिएको थियो।

(ख) उपस्थिति :

(अ) संचालकहरुको उपस्थिति :

| | |
|---|---|
| श्री रामजी प्रसाद कोइराला | अध्यक्ष |
| श्री अभिज्ञा मल्ल | प्रवन्ध संचालक, |
| श्री विष्णु प्रसाद पाण्डे | संचालक, |
| श्री हरि प्रसाद पराजुली | संचालक, |
| श्री श्रद्धा पराजुली | संचालक, |
| श्री सुदिप खड्का | स्वतन्त्र संचालक |
| श्री गोविन्द प्रसाद आत्रेय | संचालक |

(आ) **शेयरधनिहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री किरण मल्ल | शेयरधनी, संस्थापक समुह ( विधुतीय माध्यमबाट) |
| श्री शालिकराम घिमिरे | शेयरधनी, संस्थापक समुह (विधुतीय माध्यमबाट) |
| श्री तारानाथ सापकोटा | शेयरधनी ,संस्थापक समुह |
| श्री सुरेन्द्र कुँवर | शेयरधनी, संस्थापक समुह |
| श्री प्रतिमा शाह | शेयरधनी, संस्थापक समुह |

श्री डम्वरु वल्लभ घिमिरे | शेयरधनी, सर्वसाधारण समुह
श्री शिव प्रसाद पौडेल | शेयरधनी, सर्वसाधारण समुह (विधुतीय माध्यमबाट)
श्री विनोद वज्राचार्य | शेयरधनी, सर्वसाधारण समुह
श्री शत्रुधन श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह (विधुतीय माध्यमबाट)
श्री निरुपमा गुप्ता | शेयरधनी, सर्वसाधारण समुह
श्री लक्ष्मण बहादुर श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह
श्री नम्रता सिंह हमाल | शेयरधनी, संस्थापक समुह (विधुतीय माध्यमबाट)
श्री कृष्ण बहादुर घिमिरे | शेयरधनी, सर्वसाधारण समुह
श्री सुदिप श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह
श्री कमल बहादुर श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह
श्री बिजय कुमार कायस्थ | शेयरधनी, सर्वसाधारण समुह
श्री सनम मानन्धर | शेयरधनी, सर्वसाधारण समुह
श्री किरण श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह

(इ) पदाधिकारीको उपस्थिति :-

श्री गणेश जिरेल, प्रमुख कार्यकारी अधिकृत | युनियन हाइड्रोपावर लि.
श्री हरि वंश भण्डारी, कम्पनी सचिव | युनियन हाइड्रोपावर लि.
श्री युवराज कंडेल | लेखापरिक्षक (विधुतीय माध्यमबाट)
श्री प्रतिमा नेपाल | लक्ष्मी सनराईज क्यापिटल लि.,शेयर रजिष्ट्रार
श्री निशा बस्नेत | लक्ष्मी सनराईज क्यापिटल लि.,शेयर रजिष्ट्रार

(ई) शेयरधनीहरुको उपस्थिति :

१. स्वंयम उपस्थिति १०० जना (संस्थागत तथा सर्व-साधारण शेयरधनीको प्रतिनिधी समेत)
२. प्रतिनिधी तथा बिद्युतिय माध्यम Virtual (Zoom App.)द्वारा उपस्थित ३८६ जना ।

(ग) सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु :

साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रंस्तुत गरिएका थिए :

१ : संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्विकृत गर्ने सम्बन्धमा ।
२ लेखा परीक्षणको प्रतिवेदन सहित आ.व.२०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु माथी छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
३ आ.व.२०८१/०८२ को लागि लेखापरिक्षकको नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४ अख्तियारी दिने सम्वन्धमा ।
५. बिशेष प्रस्ताव :
१. यस युनियन हाइड्रोपावर लि.कम्पनीद्धारा प्रवद्धित होङ्गु खोला ज.वि.आ.(२८.९ मे.वा.) र माथिल्लो तमोर ऐ ज.वि.आ.(६० मे.वा.) को परियोजना हस्तान्तरण र व्यवस्थापन सम्बन्धमा ।
६. विविध ।

UNION HYDROPOWER LIMITED Lalitpur

१. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | स्वयः उपस्थित शेयर कित्ता | प्रतिनिधि तथा Zoom बाट उपस्थीत | जम्मा उपस्थिति | शेयरकोअनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|
| शेयर कित्ता संख्या | ९५०८५० | २९५८७३५ | ३९०९५८५ | ५२.१२ |

२. **सभाको वैधानिकताः**

वार्षिक साधारण सभा सन्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसारको गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा भौतिक रुपमा उपस्थित शेयरधनीहरु तथा प्रविधिको प्रयोग गरी (Zoom App.)प्रयोग गरी उपस्थित हुन भएका शेयरधनिहरुबाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक सन्चालन गर्ने निर्णय भयो । यस वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सन्चालक समितिका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराईयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

३. **सभा सन्चालन तथा प्रस्ताव उपर छलफलः**

विषय सूची अनुसार वार्षिक साधारण सभाको कार्यक्रम सन्चालन भएपछि सन्चालक समितिका अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्युले कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत्पश्चात अध्यक्षज्युले सन्चालक समितिका तर्फबाट आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्युबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि सो प्रतिवेदन तथा उहाँहरुलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को आर्थिक विवरणमा ( २०८१ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०८०/०८१ को नाफा/(नोक्सान) हिसाब र नगद प्रवाह विवरण समेत) मा आफ्नो राय, प्रतिकिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरु महानुभावहरुलाई अनुरोध गरिएकोमा निम्न सेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव दिनु भएको थियो ।

१ **सुरेन्द्र कुँवरः-**

नेपालमा रहेको आर्थिक विषम परिस्थितीका वावजुत पनि कम्पनीले आफ्नो उत्पादन तथा प्रशारण क्षमतामा कमी आउन नदिनका लागी सव-स्टेशन निर्माण गरीएको अवस्था छ । साथै कम्पनीको विविध विषमा सहज वनाउदै समयमा वार्षिक साधारण सभामा शेयरहोल्डरहरुको भौतिक उपस्थिती तथा प्रविधिको भर मग्दुर प्रयोगको माध्यमवाट वार्षिक साधारण सभा समय गर्न सफल हुनु भएको हुँदा संचालक समितिलाई धन्यवाद दिदै आगामी वार्षिक साधारण सभा पनि यसै गरी निधारित समयमा गर्नका लागी पहल गर्न कर्मचारी तथा संचालक समितिलाई अनुरोध गदर्छु । साथै यस कम्पनीले राम्रो गरी छोटो समयमा शेयरहोल्डरहरुलाई वोनस दिन सफल होस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु ।

२ **व्रहमदेव शाक्य :-**

यस वार्षिक साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा यस सधाका अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी वार्षिक साधारण सभामा वोनस दिन सक्ने गरी काम गरी रहेकोमा धन्यवाद दिन चाहान्छु । वार्षिक साधारण सभा समयमा गर्न सफल हुन भएकोमा थप धन्यवाद दिन चाहान्छु । नयाँ आयोजनाको काम अगाडी वढाई सोवाट हुने आम्दानीवाट शेयरहोल्डरहरुलाई चाडो भन्दा चाडो वोनस दिने प्रयासमा लाग्नु भएकोमा संचालक समितिलाई शुभकामना साथ साथै धन्यवाद व्यक्त गर्न चाहान्छु ।

३ **सुदिप श्रेष्ठः-**

यस कम्पनीको १८ औ वार्षिक साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा सभाअध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै कम्पनीको स्तर उन्नतीको लागी संचालक समितिले अन्य दुई आयोजनामा लगानी गरी काम गरी रहेकोमा उत्साहित भई धन्यवाद दिन चाहान्छु ।

UNION HYDROPOWER LIMITED UHP Lalitpur

४ **लक्ष्मण बहादुर श्रेष्ठ:-**

यस कम्पनीको १८ औ वार्षिक साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा सभाअध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समिति तथा कम्पनीको व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी वर्षको साधारण सभा पनि समयमा होस भन्दै धन्यवाद ।

५ **निरुपमा गुप्ता :-**

यस वार्षिक साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा सभाकाअध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस कम्पनीको ऋच्च को केही रकम निधन/असक्तलाई अशक्तलाई शिक्षामा लगानी गर्न चाहान्छु ।

३ **संचालक समितिका अध्यक्षज्युको जवाफ:**

यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले मन्तव्य राख्ने कममा राखेका जिगासाहरुलाई स्पष्ट गरी दिनका लागी सचालक समितीका अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्युलाई आग्रह गरीयो ।

**अध्यक्ष श्री रामजी प्रसाद कोइराला :-**

यस कम्पनीको १८ औ वार्षिक साधारण सभामा भौतिक तथा प्रविधिको प्रयोग गरी virtual (Zoom App उपस्थित हुनु भएका सवैमा व्यहोरा विधितै छ । यसरी यस कम्पनीको १८ औ वार्षिक साधारण सभा सवै शेयरधनि महानुभावको भौतिक उपस्थितीमा. वार्षिक साधारण सभा यस कम्पनीका शेयरधनि माहानुभावहरुलाई स्वागत गरी साधारण सभा गर्न सफल भएकाहरुकोमा सवैले धन्यवाद दिनु भएको यस कम्पनीको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट समेत सवै शेयरधनि महानुभावमा हार्दिक धन्यवाद दिन चाहान्छु । साथै यस कम्पनीको सम्वन्धमा शेयरधनि महानुभावले राख्नु भएका जिज्ञासाको सम्वन्धमा पहिलो जिज्ञासाको सम्वन्धमा यस कम्पनीले कम्पनीको शेयरधनिको हितलाई ध्यानमा राखी आगामी आ.व.देखि वोनस वितरण गर्ने गरी काम अगाडी वढि रहेको व्यहोरा सभा समक्ष व्यक्त गर्न चाहान्छु । साथै यस्तो विसम परिस्थतीमा पनि आफ्नो समय तथा प्रविधिको प्रयोग गरी सहभागी भई कम्पनीको वार्षिक साधारणमा सुझाव तथा जिज्ञासा राख्नुहुने सवैमा उच्च आदर सम्मानका साथ सवैलाई धन्यवाद दिन चाहान्छु ।

४. **प्रस्ताव तथा निर्णयहरु:**

**विषय सूचि अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गर्‍यो:**

(१) सन्चालक समितिको अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्यूले वार्षिक साधारण सभाको हलमा प्रस्तुत गर्नुभएको आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल भै त्यस उपर उठेका सुझाव एवं जिज्ञासाहरु सम्बन्धमा अध्यक्षज्युबाट स्पष्ट पारी सकिएको हुँदा उक्त प्रतिवेदन पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव सर्व-सम्मतिबाट पारित गरीयो ।

(२) चार्टड एकाउन्टेन्ट नगरकोटी युवराज एण्ड एसोसियट्स (Yubraj & Associates, Chartered Accountants) द्वारा तयार पारिएको आ.व.०८०/०८१ को वासलात, नाफा/(नोक्सान) हिसाब तथा नगद प्रवाह बिवरण सहितको आर्थिक बिवरणहरु वाषिक साधारण सभाको विषय सूचीसंगै शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त वासलात, नाफा, नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण सहितको आ.व.२०८०/०८१ को आर्थिक बिवरण उपर छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकिएकाले उक्त आर्थिक प्रतिवेदन पारितको लागी कम्पनीको तर्फवाट कम्पनी सचिवबाट सभा समक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा सभाबाट उक्त आर्थिक बिवरणहरु सहितको लेखा परिक्षण प्रतिवेदन सर्व-सम्मतिबाट पारित गरीयो ।

(३) कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम सोही ऐन बमोजिम सञ्चालक समितिवाट लेखापरीक्षकको नियुक्ति सम्वन्धमा गरेको सिफारिसको जानकारी गराउँदै संचालक समितिको तर्फबाट कम्पनीको आ.व. २०८०/०८१ को हिसाब किताव लेखापरीक्षण गर्नका लागी चार्टड एकाउन्टेन्ट नगरकोटी शुसन एण्ड एसोसियट्स (Nagarkoti Susan & Associates, Chartered Accountants ) सस्थालाई नियुक्त गरीयोस भनि कम्पनीको तर्फवाट अख्तियार प्राप्त सञ्चालक अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्युले सभा समक्ष प्रस्तुत गर्नु भएको प्रस्ताव सर्व-सम्वत रुपमा पारित गरि लेखापरीक्षण शुल्क (पारिश्रमिक) संचालक समितिले तोके वमोजिम हुने गरी निर्णय समेत गरीयो ।

UNION HYDROPOWER LIMITED Lalitpur

४) यस कम्पनीद्धारा पर्वद्धित सोलुखुम्बु जिल्लामा अवस्थित होङगुखोला जलविद्युत आयोजना (२८.९) मेगावाट र ताप्लेजुङ जिल्लामा अवस्थित माथिल्लो तमोर "ए" जलविद्युत आयोजना ६० मेगावाटको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी विद्युत विकास विभागसंग सम्झौतागर्ने चरणमा रहेका दुवै परियोजनाको यस युनियन हाइड्रोपावर लि. कम्पनी आफैको पुर्ण लगानीमा अगाडी वढाउन आर्थिक तथा व्यवसायीक कारणले कठिन हुने र वैकले समेत लगानीको सुनिश्चता नगर्ने भएको कारण उक्त परियोजनाहरुको हकमा यस कम्पनीको शेयरको सुनिश्चता कायम गरी परियोजनाको निर्माण कार्य अगाडी वढाउनका लागी उक्त दुई परियोजना मध्ये होङगुखोला जलविद्युत आयोजना (२८.९) मेगामा ५१ प्रतिशत लगानी रहने गरी नयाँ स्थापित कम्पनी **युनियन उर्जा डेभलपर्स लि.कम्पनी** र ताप्लेजुङ जिल्लामा अवस्थित माथिल्लो तमोर "एजलविद्युत आयोजना ६० मेगावाटको हकमा युनियन हाइड्रोपावर लि.को २५ प्रतिशत शेयर रहने गरी नयाँ कम्पनी **"कन्चनजंगा हाइड्रो लिमिटेड नामक"** कम्पनी स्थापना गरी सोही कम्पनीमा लाइसेन्स हस्तान्तरण गरी अगाडी वढाउनका लागी यस कम्पनीको तर्फवाट लाइसेन्स हस्तान्तरणको लागी गर्नु पर्ने सम्पपुर्ण काम गर्नका लागी यसै कम्पनीको तर्फवाट संचालक समितीलाई अख्तियारी दिईयोस भनि वा.साधारण सभामा अध्यक्षज्युले पेश गरेको प्रस्ताव सर्व सम्वत रुपमा पारित गरीयो ।

५) **बिशेष प्रस्ताव :**

कम्पनीले आफनो उद्देश्य अनुरुप शेयरधनी महानुभावज्युहरुको लगानीमा उचित प्रतिफल सुनिश्चित गर्दै लगानीमा अभिवृद्धि तथा व्यापार विविधिकरण निति अनुरुप नेपाल सरकार उर्जा मन्त्रालय अर्न्तगत, विधुत विकास विभागबाट सोलुखुम्बु जिल्लामा अवस्थित होङगुखोला जलविद्युत आयोजना (२८.९) मेगावाट र ताप्लेजुङ जिल्लामा अवस्थित माथिल्लो तमोर "ए"जलविद्युत आयोजना ६० मेगावाटको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरि यी आयोजनाहरुको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरि विधुत उत्पादनको अनुमतिपत्रको लागि बिधुत विकास विभागमा र नेपाल बिधुत प्राधीकरण बिधुत ब्यापार विभागमा बिधुत खरिद विकि सम्झौताको लागि प्रकियामा रहेको कुरा यसै बैठकबाट जानकारी गराइयो ।
कम्पनीले अंगीकार गरेको निति अनुसार हाल संचालनमा रहेको मिदिम खोला (करापु) जलबिधुत आयोजना ३ मेगावाट र अनुमति-पत्र प्राप्त होङगु खोला जलविद्युत आयोजना (२८.९) मेगावाट र माथिल्लो तमोर "ए"जलविद्युत आयोजना ६० मेगावाटको दुवै आयोजनाहरुलाई व्यवस्थित तरिकाले अगाडी बढाउने चुनौती हामीमा रहेको र यस कम्पनीको पुँजितगत अवस्था समेतको कारण, आयोजना प्रभावीत क्षेत्रका स्थानीयहरुलाई शेयर सम्बन्धी व्यवस्था गर्नु पर्ने कानुनी प्रावधान, आयोजनामा हुने ठुलो लगानीको आवश्यकता तथा वैंक तथा वित्तिय संस्थाको लगानी समेतलाई ध्यान राखी यस कम्पनीले उक्त दुवै परियोजना आफ्नो मात्र पुर्ण लगानी गरी निर्माण गर्न सक्ने अवस्था नरहेको व्यहोरा समेत जानकारी भयो ।
तसर्थ १७ औ वार्षिक साधारणा सभावाट भएको निर्णय वमोजिम होङगु खोला जलविद्युत आयोजना (२८.९) मेगावाट को हकमा ५१ प्रतिशत यस कम्पनीको शेयर स्वामित्व रहने गरी नयाँ कम्पनी स्थापना गरि सोही कम्पनी मार्फत परियोजना निर्माणको काम अगाडी वढाउने भनी निर्णय भएकोमा सोही अनुरुप श्री युनियन उर्जा डेभलपर्स लि.कम्पनी स्थापना भई सोही कम्पनी मार्फत परियोजना अगाडी वढाउनका लागि विधुत विकास विभाग, विधुत नियमन आयोग लगायतका निकायहरुमा आवेदन दिई प्रक्रियामा रहेकोमा उक्त विशेष प्रस्ताव पारित गरियोस भनि अध्यक्षज्युबाट पेश भएकोमा सो प्रस्ताव सभा हलबाट पारित भयो । साथै उक्त विधुत सम्बन्धी अनुमती पत्रहरु हस्तान्तरणको लागी विधुत विकास विभाग, विधुत नियमन आयोग, नेपाल बिधुत प्राधिकरण, वन तथा वातावरण मन्त्रालयका विभिन्न निकायहरु, उधोग मन्त्रालय अर्न्तगतका उधोंग विभाग, लगानी बोर्ड समेतका आवश्यक निकायबाट आवश्यक स्वीकृत लिई हस्तान्तरण गरिने व्यहोरा समेतको निर्णय गरियो ।

UNION HYDROPOWER LIMITED
Lalitpur

साथै यसै कम्पनी द्वारा प्रर्वद्धित माथिल्लो तमोर “ए”जलविद्युत आयोजना ६० मेगावाटको हकमा पनि युनियन होइड्रोपावर लि.वाट मात्र आयोजनको निर्माण अगाडी बढाउन नसकिने अवस्था, पव्लिक लि. कम्पनीको प्रावधान अनुसार आयोजना प्रभावीत स्थानीयहरुलाइ कबुल गरिएको शेयर सम्बन्धी व्यवस्था, र अन्य आर्थिक तथा व्यवसायिक कठिनाईका कारण लगानीको सुनिश्चता गरी परियोजना निर्माण गर्नका लागी यस युनियन होइड्रोपावर लि.को २५ प्रतिशत शेयर रहने र बाँकी शेयर यस कम्पनीका शेयर सदस्यज्युहरुलाई प्रथामिक्ता दिइ बाँकी नयाँ लगानीकर्ताहरुवाट लगानीको सुनिश्चतता कायम गरी परियोजना अगाडी वढाउनका लागी तमोर कन्चनजंगा हाइड्रो लिमिटेड नामक नयाँ कम्पनी स्थापना गरी सोही कम्पनीमा परियोजनाको बिधुत सम्बन्धी अनुमती पत्रहरु विधुत विकास विभाग, विधुत नियमन आयोग, नेपाल बिधुत प्राधिकरण, वन तथा वातावरण मन्त्रालयका विभिन्न निकायहरु, उधोग मन्त्रालय अर्न्तगतका उधोग विभाग, लगानी बोर्ड लगायतका निकायहरुबाट स्वीकृती लिई बिधुत सम्बन्धी अनुमती पत्र हस्तान्तरण गर्नका लागी राखिएको विशेष प्रस्ताव समेत सभा हलबाट पारित भएको हुदा सोही बमोजिम कार्य गर्ने निर्णय गरियो ।

६) विविध ।

कम्पनीको यस कम्पनीको १८ औ वार्षिक साधारण सभामा छलफलका अन्य थप विषय वस्तु नभएकाले वार्षिक साधारण सभाको समापन गरी दिनका लागी यस सभाको अध्यक्षज्युलाई अनुरोध गर्ने र माइन्युट प्रमाणित गर्नका लागी कम्पनी अध्यक्ष श्री रामजि प्रसाद कोइरालज्यु र कम्पनी सचिवलाई अख्तियारी दिने निर्णय समेत गरीयो ।

५. **वार्षिक साधारण सभाको समापन:**

कम्पनी सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले शेयरधनी महानुभावहरले दिनु भएका रचनात्मक सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा सवैमा धन्यवाद दिदै शेयरधनीको सल्लाह र सुझाव अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमश: सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारु रुपले सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुन : सवै संचालक शेयरधनि महानुभाव तथा कर्मचारीहरु पत्रकार शेयर रजिष्ट्रारको कार्यालयका साथी लगायत वार्षिक सधारण गनृका लागी हल उपलब्ध गराई दिनुहने सिद्धार्थ कटेज, धोविघाटका संचालक समेत सवैलाई धन्यवाद दिदै सभा समापन भएको घोषणा गरीयो ।

(हरिवंश भण्डारी)
कम्पनी सचिव

UNION HYDROPOWER LIMITED
Lalitpur

रामजी प्रसाद कोइराला
अध्यक्ष